# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ भदौ १९ गते

### बारुदी सुरुङ्ग तथा विष्फोटनको घट्नाबाट पीडितहरुद्वारा ध्यानाकर्षण

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले विस्तृत शान्ति सम्झौतापछि पनि बारुदी सुरुङ्ग र अन्य विष्फोटन पदार्थबाट कोही पीडित भएका छन् भने उसले सरकारबाट राहत पाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

'बारुदी सुरुङ्ग प्रतिबन्ध अभियान नेपाल' को प्रतिनिधि मण्डलसँगको भेटघाटमा उहाँले उक्त आवश्यकता औंल्याउनुभएको हो ।

उहाँले बारुदी सुरुङ्गको विष्फोटनबाट पीडितलाई सरकारले वितरण गर्ने राहतमा भेदभाव भएको सुनिन आएको चर्चा गर्दै सरकारले नागरिकलाई वितरण गर्ने राहतमा कुनै पनि किसिमको भेदभाव गर्न नहुने बताउनुभयो ।

आयोगका सदस्य रामनगिना सिंहले 'बारुदी सुरुङ्ग प्रतिबन्ध अभियान नेपाल' सञ्चालन गरेका गतिविधिहरुबारे जिज्ञासा राख्नुभएको थियो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले माडी घट्नालगायत १७ वटा घट्नाहरुमा आयोगले राहत र परिपूरणका लागि सरकारलाई सिफारिश गरेको बताउनुभयो ।

उहाँले बारुदी सुरुङ्ग विष्फोटनबाट घाइते भएका र मृत्युवरण गरेका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्न आवश्यक भएको तथ्यमाथि प्रकाश पार्दै यससम्बन्धी हालसम्म तथ्याङ्कका लागि शान्ति र पुनःनिर्माण मन्त्रालयसँग माग गरिएको बताउनुभयो ।

त्यस अवसरमा 'बारुदी सुरुङ्ग प्रतिबन्ध अभियान नेपाल' का संयोजक पूर्णशोभा चित्रकारले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायलाई स्मरणपत्र हस्तान्तरण गर्नुभयो ।

स्मरणपत्र हस्तान्तरण गर्ने क्रममा उहाँले बारुदी सुरुङ्ग विष्फोटनबाट पीडित नागरिकको समस्या लिएर जाँदा कतिपय जिम्मेवार व्यक्तिले झञ्जट मानेको प्रसंग कोट्याउँदै यो समस्या साझा मुद्दा बन्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले बारुदी सुरुङ्ग विष्फोटनबाट पीडित व्यक्तिलाई राहत वितरण गर्ने क्रममा सरकारबाट भेदभाव भएको टिप्पणी गर्दै राहत वितरणसम्बन्धी यथार्थ विवरण सार्वजनिक हुनुपर्ने खाँचो औंल्याउनुभयो ।

'बारुदी सुरुङ्ग प्रतिबन्ध अभियान नेपाल' ले हस्तान्तरण गरेको स्मरणपत्रमा बारुदी सुरुङ्ग विष्फोटनबाट व्यक्तिहरुका लागि छिटो, छरितो र भेदभावरहित ढंगमा राहत तथा पुनःस्थापना हुनुपर्ने, सरकारद्वारा वितरित राहत यथार्थ विवरण सार्वजनिक हुनुपर्ने, पीडितले भोगिरहेका समस्या समाधानका दिशामा भएका गतिविधिको अनुगमन हुनुपर्ने, अपाङ्गता भएको व्यक्ति वा परिवारको थोरैमा एकजना सदस्यलाई अनिवार्य रुपमा रोजगारको अवसर दिइनुपर्नेजस्ता मागहरु छन् ।

त्यस अवसरमा बारुदी सुरुङ्ग र अन्य विष्फोटक पदार्थबाट पीडित कृष्णबहादुर घिसिङ, सुनिता घलेलगायतका व्यक्तिहरुले सहयोग र राहतका लागि सरकारीनिकायहरुमा चाउँदा आफूहरुले खाएको हण्डरको विवरण प्रस्तुत गर्नुभएको थियो ।

स्मरणीय छ, 'मानवविरुद्ध लक्षित बारुदी सुरुङ्गको प्रयोग, भण्डारण, उत्पादन तथा ओसारपसारमाथि प्रतिबन्ध एवम् विनाशसम्बन्धी महासन्धि' (ओटावा महासन्धि) मा हस्ताक्षर र अनुमोदन गर्न राष्ट्रिय मानव अधिकार आयोगले २०६७ सालमै सरकारलाई सिफारिश गरिसकेको छ ।

विशाल खनाल
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org